DOI: https://doi.org/10.3126/cognition.v5i1.55424

# प्रसाईका उपन्यासमा पितृसत्ताप्रतिको प्रतिरोधी नारीचेतना

डा. अम्बिका अर्याल[१]

***लेखसार***

*सत्तामा रहनेका निर्णय, शासन र शक्तिका आधारमा राज्यसञ्चालन हुने गर्दछ । तसर्थ पुरुषकै हालीमुहाली र वर्चस्वले पितृसत्तामा स्थान पाउँछ । सृष्टिमा समान रूपमा विकसित भएका नारी र पुरुषको आफ्नै महत्त्व र भूमिका हुँदाहुँदै दुईका भिन्न लिङ्गलाई आधार बनाएर विभेदका मानक स्थापित गर्दै अघि बढेको पुरुषकेन्द्रित पितृसत्तात्मक व्यवस्था पुरुषकै हितबाट अभिप्रेरित छ । पुरुषले नारीलाई जैविक आधारमा कमजोर साबित गर्दै पारिवारिक, सामाजिक, कानुनी, आर्थिक आदि भूमिकामाथि गरेको विभेद तथा दमनलाई पितृसत्ताले समर्थन गरेको छ । यसर्थ पुरुषको श्रेष्ठता, शक्तिशाली एवम् आधिपत्य भूमिकाका विपरीत महिलालाई कमजोर, निरीह तथा शक्तिहीन ठानी उत्पीडन र दमनको सिकार बनाइरहने एकलौटी र पुरुषकेन्द्री संस्था नै पितृसत्ता हो । नेपालमा पनि पितृसत्तात्मक व्यवस्था र त्यसको प्रभाव कायमै छ । देशको राजनीतिक, सामाजिक तथा सांस्कृतिक पक्षलाई कलात्मक रूपमा प्रस्तुत गरिने साहित्यिक कृतिमा समेत पितृसत्तात्मक प्रभाव र वर्तमानमा त्यसप्रति सचेत नारीका चेतना मुखरित भएका हुन्छन् । प्रसाईका उपन्यासमा पनि पितृसत्ताले नारीमाथि गर्ने शासन, दमन र विभेदका विरुद्धमा नारीले गरेका विद्रोह, सङ्घर्ष तथा त्यसप्रतिको प्रतिरोधी चेतनालाई केकसरी प्रस्तुत गरिएको छ भन्ने मूल जिज्ञासामा केन्द्रित भएर सोही प्रश्नको प्राज्ञिक उत्तर खोज्ने उद्देश्य यस लेखको रहेको छ । यसका लागि सिमोन द बुभाले अघि सारेका पितृसत्ताप्रतिको प्रतिरोधी चेतनासम्बन्धी नारीवादी सिद्धान्तलाई कृतिविश्लेषणको सैद्धान्तिक आधार मानी निगमनात्मक विधिबाट तथ्यको विश्लेषण गरी समस्याको निरूपण गरिएको छ । प्रसाईका हालसम्म प्रकाशित चारवटै उपन्यासको विश्लेषणबाट उनका उपन्यासमा नारीहरूमाथि पितृसत्तात्मक व्यवस्था र सोचका कारण गरिने फरक व्यवहार, दोस्रो दर्जाका रूपमा नारीलाई हेरिने परिपाटी र पितृसत्ताले निर्माण गरेका नीतिनियम र व्यवहारमा हुने लैङ्गिक विभेद एवम् शोषणप्रति सचेत नारीको बुलन्द आवाजले पितृसत्ताप्रतिको प्रतिरोधी नारीचेतनालाई प्रस्ट पारेको निष्कर्ष निकालिएको छ । यसले साहित्यमा समाजको यथार्थलाई प्रस्तुत गर्ने मात्र नभएर वर्तमान समाजको दिशा बदल्ने वा समाजलाई मार्गनिर्देश गर्ने शक्ति हुने तथ्यलाई प्रस्ट पारेको छ । पितृसत्ताले गाँजेको नेपाली समाजमा यसप्रतिको नारीचेतना आवश्यक रहेको र समतामूलक समाज निर्माणका लागि सचेत व्यक्तिले लिङ्गकै आधारमा बनेका कृत्रिम मानक तथा सोचलाई बदल्न सक्नुपर्ने विचार सम्प्रेषण गरी समाजपरिवर्तनका लागि मार्गनिर्देश गर्नमा प्रसाईका उपन्यास सबल रहेको तथ्यलाई समेत यस लेखले उजागर गरेको छ ।*

**शब्दकुञ्जिका** : अस्तित्व, पहिचान, पितृसत्ता, नारीवाद, लैङ्गिकता

## विषयपरिचय

इन्दिरा प्रसाई साहित्यका विभिन्न विधामा कलम चलाउने नारीस्रष्टा हुन् । उनका हालसम्म विश्वामित्र (२०५५), रनमाया (२०५८), शिखा (२०५९), उसको लोग्ने र बिरालो (२०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित

१ उपप्राध्यापक, नेपाली विभाग, पद्यमकन्या क्याम्पस, त्रिवि, बागबजार, काठमाडौं, नेपाल, ईमेलः ambiaryal@gmail.com

भइसकेका छन् । यी उपन्यासमा पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका दमनात्मक व्यवहार तथा विभेदका विविध पक्षहरूमाथि प्रश्न उठाउँदै नारीप्रति गरिने लैङ्गिक विभेद, दुर्व्यवहार, शोषण, दमन, हिंसा, बलात्कार आदिको विरोध गरिएको छ। पितृसत्तात्मक समाजमा नारीले आफूलाई पुरुषभन्दा कमजोर, अस्तित्वहीन र फरक प्राणी अनुभूत गर्ने प्रवृत्तिको प्रतिरोधी चेतना तथा सोच र व्यवहारमाथि नै परिवर्तनको मार्गदर्शनात्मक सन्देश पनि उनका उपन्यासमा प्रस्तुत गरिएका छन् ।

इन्दिरा दीक्षित (२०७६) को 'इन्दिरा प्रसाईको रनमाया' शीर्षकको लेखमा प्रस्तुत उपन्यास प्रसाईका अन्य उपन्यासभन्दा बेग्लै ज्ञानका साथै पीडाले भरिएर उपस्थित भएको बताइएको छ। उनको यस लेखमा प्रसाईको रनमाया उपन्यासलाई उनका अन्य उपन्यास जस्तै नारीवादी पक्षमा उभिएको एक दरिलो उपन्याससमेत भनिए पनि अन्य उपन्यासका बारेमा चर्चा गरेको पाइँदैन। कुमारप्रसाद कोइराला (२०६८) को आख्यान विमर्श शीर्षकको पुस्तककार कृतिमा आख्यानको सैद्धान्तिक पक्षको उल्लेख गर्दै प्रसाईका विश्वामित्र र शिखा उपन्यासमा मनोविश्लेषणवादी प्रवृत्ति पाइने बताए पनि यी उपन्यासमा पाइने नारीचेतनाका बारेमा चर्चा गरेको पाइँदैन। ज्ञानू पाण्डे (२०६९) को नेपाली उपन्यासमा लैङ्गिकता शीर्षकको पुस्तकमा लैङ्गिक अवधारणाको सैद्धान्तिक स्थापनाका आधारमा नेपाली उपन्यासहरूको विश्लेषण गर्ने क्रममा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासको मात्र चर्चा गरिएको छ। रजनी ढकाल (२०६९) को 'नेपाली नारीउपन्यासमा लैङ्गिकता' शीर्षकको लेखमा नेपाली नारी उपन्यासकार र उपन्यासको सूची प्रस्तुत गरी लैङ्गिकताका अवधारणाका आधारमा ती उपन्यासको सङ्क्षिप्त अध्ययन गरिएको छ। यस क्रममा यसमा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासले नारी सधैँ पुरुषको भोग्या मात्र नभएर प्राकृतिक रूपमा आफूले पनि पुरुषलाई भोग गर्न सक्ने साहसिक नारीलाई स्थान दिएको तर्क प्रस्तुत गरिए पनि अन्य उपन्यासको चर्चा गरिएको भने पाइँदैन। राजेन्द्र सुवेदी (२०६८) को नेपाली उपन्यास : परम्परा र प्रवृत्ति शीर्षकको पुस्तककार कृतिमा उपन्यासको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै प्रसाईको विश्वामित्र, रनमाया, शिखा, उसको लोग्ने र बिरालोजस्ता उपन्यासलाई मनोवैज्ञानिक उपन्यासका रूपमा मात्र व्याख्या गरिएको छ। लीला लुइटेल (२०६८) को नेपाली महिला उपन्यासकार नामक पुस्तकमा नेपाली महिला उपन्यासकार र तिनले लेखेका उपन्यासको ऐतिहासिक सर्वेक्षण गरिएको छ। यसमा इन्दिरा प्रसाईको उपन्यासलाई नारीचेतनाका कोणबाट नभएर औपन्यासिक संरचनाका कोणबाट मात्र विश्लेषण गरिएको छ। तर उनको मझेरी डट कममा समाविष्ट 'महिलालेखन र नारीवादी नेपाली उपन्यास' (२०६९) शीर्षकको लेखमा नारीवादी सिद्धान्तको सङ्क्षिप्त चर्चा गर्दै नेपालीमा महिला उपन्यासकारको अवस्थितिको अध्ययन गरिएको छ। सुशान्त गुरुङ (२०६९) को 'उपन्यास विधाका सन्दर्भमा नेपाली नारीस्रष्टाहरूको उपस्थिति र योगदान' शीर्षकको लेखमा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासले दाम्पत्य जीवनमा तेस्रो व्यक्तिको आगमनले निम्त्याएको दुर्घटनालाई मनोविश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको बताए पनि नारीचेतनाका कोणबाट अध्ययन गरिएको छैन।

उपर्युक्त पूर्वकार्यहरूमध्ये प्रसाईका उपन्यासका विविध प्रवृत्तिहरूमा केन्द्रित भएर अध्ययनहरू हुँदै आएको भएतापनि पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनाका आधारमा हुन बाँकी नै देखिन्छ। यस किसिमको प्रतिरोधी चेतना प्रसाईका उपन्यासमा मुखरित भएको हुनाले यसका सम्बन्धमा अध्ययन नगरी नारीचेतनाको निरुपण गरिनु अपूर्ण नै हुन्छ। तसर्थ पितृसत्ताले निर्माण गरेको विभेद र त्यसप्रतिको सचेतनालाई प्रस्तुत गरिएका प्रसाईका उपन्यासमा पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनासम्बन्धी अवधारणाका सापेक्षमा तिनका उपन्यासको विश्लेषण गरी नारीचेतनाको निरुपण गर्नु आवश्यक र सान्दर्भिक देखिएको छ।

## समस्या र उद्देश्य

इन्दिरा प्रसाईका उपन्यासमा नारीमाथि पितृसत्ताले गर्ने विभिन्न किसिमका विभेद तथा दमनका विरुद्धमा जागृत चेतनालाई प्रस्तुत गरिएका हुनाले यी नारीचेतनायुक्त छन् । पितृसत्तात्मक समाजद्वारा शोषित नारीलाई उन्मुक्तितर्फ दिशानिर्देश गर्ने विभिन्न नारीपात्रको प्रयोग गरिएका प्रसाईका उपन्यासहरूमा नारीअस्तित्व रक्षाका लागि विभिन्न चुनौतीका सामना गर्न सक्ने जुझारु नारीपात्रलाई केन्द्रीय भूमिका प्रदान गरिएको छ। यसर्थ प्रसाईका उपन्यासहरूलाई नारीवादी चेतनाका दृष्टिबाट अध्ययन गर्न सकिने भए तापनि ती उपन्यासहरूमा अभिव्यक्त पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना के-कस्ता छन् भन्ने जिज्ञासा अद्यावधिक रही आएको तर कसैले पनि यस सम्बन्धमा अध्ययन नगरेको सन्दर्भमा उक्त जिज्ञासा नै यसको शोधसमस्या बन्न पुगेको छ। प्रसाईका उपन्यासहरूमा प्रस्तुत पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनाको निरूपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययनविधि

अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्याසँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यसमा प्रसाईका उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ। यसका साथै नारीवादी सिद्धान्तकै एक मूल प्रवृत्तिका रूपमा स्थापित पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनासम्बन्धी अवधारणा नारीवादका अन्य धार तथा प्रकारमा आधारित नभइ फ्रान्सेली नारीवादी सिमोन द बुभाले द सेकेन्ड सेक्स शीर्षकको पुस्तकमा प्रस्तुत गरेको विचारलाई मात्र आधार मानिएको छ। तसर्थ बुभाको यस पुस्तक तथा प्रसाईका उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यसर्थ पुस्तकालयीय कार्यबाट प्राथमिक तथा द्वितीयक दुवै किसिमका सामग्री लिएर यो अध्ययन सम्पन्न गरिएको छ।

प्रस्तुत अध्ययन नारीवादी चेतनाका आधारमा प्रसाईका उपन्यासहरूको विश्लेषण गरिएको हुनाले यसमा निगमनात्मक विधिको प्रयोग भएको छ। यसका साथै यस अध्ययनमा प्रसाईका हालसम्म प्रकाशित सबै उपन्यासको विश्लेषण गरिएको हुनाले सामग्री छनोटको समग्र विधि अवलम्बन हुन पुगेको छ।

## पितृसत्तासम्बन्धी नारीवादी अवधारणा

पितृसत्ता नारीवादी सिद्धान्तमा प्रयुक्त प्रचलित शब्द हो । यो नारीवादले बढी हमला गर्ने शासनव्यवस्था तथा प्रवृत्ति पनि हो । पितृसत्ता अङ्ग्रेजी शब्द 'पेट्रिआर्की' (उबतचष्बचअजथ) को नेपाली रूपान्तरण हो । ल्याटिन शब्द 'पेटर' (उबतभच) अर्थात् 'फादर' (ँबतजभच) बाट 'पेट्रिआर्की' (उबतचष्बचअजथ) शब्दको निर्माण भएको हो । पितृसत्ता पितृ र सत्ता शब्दको मेल भएर बनेको तत्सम नाम शब्द हो । पितृको अर्थ पिता र सत्ताको अर्थ शासन हो । यसर्थ यसको शाब्दिक अर्थ पिताको शासन भन्ने हुन्छ। यसको खास अभिप्राय भने पिताको मात्र नभएर पुरुषको शासन भन्ने हुन्छ (लर्नर, सन् १९८६, पृ. २३९) । खासगरी पितृसत्ता परिवारका सबै सदस्यहरू पिता वा कुनै पुरुषको अधीनमा रहने समाजव्यवस्थाको ढाँचा हो ।

पितृसत्तात्मक समाजमा पुरुषहरू औषत वा सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, इज्जतदार र स्रोतसाधनले सम्पन्न हुन्छन् । महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेदका विविध रूपहरू, भेदभाव र नियन्त्रण, हिंसा, असम्मान, दमन आदि सबै पितृसत्तात्मक सामाजिक संरचनाका विशेषता हुन् (पाण्डे, २०६९, पृ. ११) । यसर्थ पितृसत्ता पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक संरचनाको रूप हो । जुलियट मिसेलका

अनुसार पितृसत्तात्मक शक्तिले महिलाहरूमा हीन भावना उत्पन्न गराउँदछ । सिल्विया वैल्वीका अनुसार पितृसत्ता पुरुषले महिलामाथि आनो प्रभुत्व कायम गरी दमन र शोषण गर्ने सामाजिक ढाँचा तथा रीतिरिवाजको व्यवस्था हो (भासिन, सन् २०११, पृ. ५) । यसर्थ पितृसत्ताले नारीका सापेक्षमा पुरुषको सर्वोपरिता र आधिपत्यको वकालत गर्दछ ।

पितृसत्तात्मक व्यवस्थामा नारी र पुरुषका सम्बन्धमा द्विचरविरोधी दृष्टिकोणको निर्माण भएको छ। एकातिर पितृसत्ताले नारी कोमल, सहनशील, निरीह, कमजोर, परनिर्भर, परावलम्बी, रक्षिता, निस्क्रिय, आकाङ्क्षारहित, डरपोक, रुन्चे प्रवृत्तिकी प्रतीक मानेको छ । पितृसत्तामा नारी असक्षम, भावावेशयुक्त, तुरुन्तै पग्लने, पालिने जात, सहायक कार्य गर्ने, अराएको काम गर्ने, पुरुषको सहयोगी र मनोरञ्जनकर्ता, सेवक, दासी, अर्काको भाग्यमा बाँच्ने जात, घरभित्र बसेर परिवारकै हेरचाहमा जीवन विताउने, गृहिणी, सानोतिनो र कम इज्जत भएका काम गर्ने जातका रूपमा परिचित छ। अर्कातिर पितृसत्ताले पुरुषलाई भने कठोर, आक्रामक, साहसी, बलवान्, आत्मनिर्भर, स्वावलम्बी, रक्षक, सक्रिय, महत्वाकाङ्क्षी, नीडर, रुन नजान्ने प्रवृत्तिको ठहऱ्याएको छ। यस्तै यसले पुरुषलाई क्षमतावान्, तर्कशील, हत्तपत्त नपग्लने, पाल्ने जात, प्रमुख काम गर्ने, नेतृत्व गर्ने, शासन चलाउने, स्वामी, मालिक, आनै भाग्यले खाने, पैसा कमाउने, घरबाहिरका काम गर्ने, इज्जतदार र महत्त्वपूर्ण ठानिएका काम गर्ने मालिकका रूपमा चिनाएको छ (भद्रा, २०६७, पृ. १०) । यसरी पुरुषमा स्वभाव, कार्यशैली, जीवन जिउने तरिका, निर्णय क्षमता आदि हरेक क्षेत्रमा उच्च दर्जा प्रदान गरिएको छ भने नारीलाई कमजोर स्थानमा राखिएको छ। यो उचनीचको मापन निर्धारण गर्ने कार्य पितृसत्ताको देन हो । यसर्थ पितृसत्तात्मक समाजमा महिलाको पहिचान पुरुषका तुलनामा कमजोर देखिन्छ ।

नारीहरूले घर परिवार, समाज र राज्यमा नै पितृसत्तात्मक व्यवस्थाले नारीप्रति के कस्ता दमन, अन्याय र अत्याचार सहनुपरेको छ भन्ने विषयप्रति चेतना जागी त्यसबाट मुक्तिका लागि जागरुक हुनु पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना हो। पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार, बढी साधनस्रोतले सम्पन्न भई महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेद, हिंसा, दमनजस्ता क्रियाकलापमा सरिक देखिन्छन्। यस्तो समाजमा नारीलाई कोमल, सहनशील, निरीह, परनिर्भर, निष्क्रिय, असक्षम, डरपोक, भावावेशयुक्त, सेवक, पुरुषको सहायक र मनोरञ्जन दिने पात्र आदिका रूपमा हेरिन्छ। पितृसत्ताले महिलाको उत्पादन, श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति आदिमा नियन्त्रण गर्दछ। हाम्रो समाजमा विस्तारित पितृसत्तात्मक सभ्यता पुरुषकेन्द्रित, नियन्त्रित, सङ्गठित हुनाका साथै पारिवारिक, धार्मिक, राजनीतिक, आर्थिक, कानुनी र कलाजस्ता सबै सांस्कृतिक क्षेत्रमा महिलामाथि अधीन जमाउँदै पुरुषले गर्ने गरेको नेतृत्वले महिलालाई सीमान्तमा राखेको भनी त्यसको विरोधको अभ्यासस्वरूप नारीवाद आएको हो (अब्राम्स र हर्फ्राम, सन् २००९, पृ. ८९) । नारीवादकै एक महत्त्वपूर्ण प्रवृत्ति पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना हो । यसलाई नारीवादका पहिलो, दोस्रो, तेस्रो तथा चौथो धारले समेत आत्मसात् गरी पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका शोषण, दमन र विभेदप्रति सचेतरूपमै विरोध जनाउने गरेका छन् ।

अस्तित्ववादी नारीवादी बुभाका विचारमा नारीलाई पितृसत्ताले व्यक्तिगत सम्पत्ति ठानी आधिपत्य कायम गर्दछ। पुरुषले आफ्नी पत्नीलाई आफ्नो व्यक्तिगत सम्पत्ति मान्ने मात्रै होइन कि नीजि सम्पत्तिलाई अर्काको आधिपत्यमा नरहोस् भन्ने चाहन्छ (बुभा, साल ?, पृ. ६७) । नारीलाई वस्तुका रूपमा हेर्ने र सदा आफ्नै काबुमा राख्न चाहने पितृसत्तात्मक सोच पुरुषमा रहनु पितृसत्ताकै उपज हो ।

बुभाका विचारमा नारी पुरुषको लागि खेल हो, साहसिक कार्य हो, तर ऊ एक परीक्षा पनि हो । ऊ विजयको उल्लास हो । साथसाथै निराशाको कटुता पनि हो । ऊ नाशको थुप्रो हो, सत्यानाश र मृत्युप्रति आकर्षणको रूप पनि हो (बुभा, साल ?, पृ. ९७) । बुभाको यस कथनमा नारीलाई कहिले ऊर्जाका रूपमा त कहिले पतनका रूपमा परिभाषित गर्ने पितृसत्ताको द्वैध चरित्रलाई प्रस्तुत गरिएको छ। एकातिर नारीलाई खेल, साहसिक कार्य, परीक्षा तथा विजयको उल्लासका रूपमा हेर्ने पितृसत्ताले अर्कातिर निराशाको कटुता, नाशको थुप्रो, सत्यनाश, मृत्युको आकर्षणका रूपमा समेत मान्ने गरेको छ । यस किसिमको पितृसत्तात्मक अवधारणा पुरुषका मनोमानीमा निर्माण भएको र सापेक्षित रहेको प्रस्ट हुन्छ ।

बुभाले नारीलाई पितृसत्ताले दासीका रूपमा व्यवहार गर्ने परिपाटीको समेत विरोध गरेकी छन् । उनले नारी प्रेम र प्रणयका सम्बन्धमा पुरुषकी पूर्ण दासी हुने धारणा प्रस्तुत गरेकी छन् (बुभा, साल ?, पृ. ११४) । यस्तै नारीलाई पुरुषले रहस्यका पात्रका रूपमा चित्रण गर्ने गरेको सन्दर्भप्रति उनको असहमति छ। उनले नारीहरूले पनि कहिलेकाहीँ पुरुषलाई बुझ्न सक्दैनन्, तर कहिल्यै पनि पुरुषलाई रहस्य भनिँदैन (पृ. ११६) भनेर पुरुषनिर्मित नारीआरोपी अवधारणाको खण्डन गरेकी छ। यसमा उनले लिङ्गका आधारमा रहस्यमयी प्रवृत्ति भए नभएको घोषणा गर्ने परिपाटीको विरोध गर्दै पुरुष रहस्यमयी हुँदा उसलाई रहस्य नभनिने र महिलालाई भने सोही उपमा भिराइने पितृसत्तात्मक प्रवृत्तिको विरोध प्रस्तुत गरेकी छन् ।

परिवर्तनलाई आत्मसात् गरेका पुरुषहरूमा समेत पितृसत्ताको छाप रहिरहेको बुभाको कथन छ । उनले आधुनिक युगका पुरुषमा पनि नारीलाई हेर्ने नजर सकारात्मक भए पनि अस्पष्ट र विरोधाभाषी रहेको बताएकी छन् । उनको आजका पुरुष स्त्रीप्रति दोहोरो दृष्टिकोण राख्दछन्, उनीहरू स्त्रीलाई आफू बराबरको साथीका रूपमा हेर्न चाहन्छन् र साथसाथै उसलाई गौण पनि मान्दछन् भन्ने कथनले सो कुराको पुष्टि गरेको छ (बुभा, साल ?, पृ. ११८) । समान हैसियतमा देख्न चाहने पुरुषमा नारीलाई गौण मान्ने मानसिकता रहनु विरोधाभाषी प्रवृत्ति भएको तथ्यलाई यसले द्योतन गरेको छ। यति मात्र होइन नारीहरूलाई सामाजिक व्यक्ति र कामवासना शान्त गर्ने साधन दुवै रूपहरूमा हेर्ने आधुनिक युवाको दृष्टिकोण उत्तिकै घातक रहेको पनि उनको भनाइ छ। उनले नारीले पुरुषको स्थिति पनि ग्रहण गरोस् र पुरुषको चाह पनि बनिरहोस् भन्ने पितृसत्तात्मक सोच गलत रहेको टिप्पणी गरेकी छन् (पृ. ११८) । पितृसत्ताकै हितका लागि निर्मित नारीपात्रमा राखिएको दोहोरो विरोधाभाषी अपेक्षा असान्दर्भिक र समस्यामूलक रहेको बुभाको दाबी छ।

बुभाले पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदको पर्खालको विरोध गर्दछिन् । उनले नारीलाई दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने सामाजिक परिपाटी नै लिङ्गका आधारमा गरिने विभेदको मूल कारक भएको बताएकी छन् । महिला जन्मदेखि नै महिला हुन्न, बरु बढेर महिला बन्दछे (बुभा, साल ?, पृ. १२०) भन्ने उनको कथनले पितृसत्तात्मक समाजनिर्मित संस्कार, धारणा, व्यवहार आदिले महिलालाई महिला बनाएको तथ्यलाई निर्देश गरेको छ।

मनोविश्लेषणवादी फ्रायडदेखि लिएर अन्य मनोवैज्ञानिकहरूले समेत नारीहरूमा लिङ्गको अभावका कारण शिश्नईर्ष्या हुने र हीनताबोध हुने मान्यता राख्दछन् । यसको विरोध गर्दै बुभा भन्छिन् : "केटीले आफ्नो शरीरमा कुनै कमी पाउँदिन, बरु उसले स्वयम् पूर्ण भएर पनि आफूलाई जगतबाट केही भिन्न पाउँदछे । बाह्य परिस्थितिगत कारणले उसलाई आफ्नै नजरमा हीन बनाइदिन्छ" (बुभा, साल ?, पृ. १२२) । उनको यस कथनले नारीहरूलाई लिङ्ग अभावका कारणले हीनताबोध हुने र पुरुषप्रति ईर्ष्या जाग्ने नभएर आफ्नो शरीरप्रति पूर्णताको महसुस हुने र आफू अरुभन्दा भिन्न भएको अनुभूति हुने कुरालाई प्रस्ट पारेको छ तर नारीहरूलाई बाह्य परिस्थिति वा समाजले हीनताबोधको सिकार बनाइदिने बुभाको तर्क छ।

पितृसत्ताले यौनसम्बन्धमा नारी र पुरुषको भूमिकाका बारेमा समेत फरक मानक स्थापना गरेको छ । यौनसम्बन्ध नारीको कमजोर र पुरुषको शक्तिशाली भूमिका रहने पितृसत्तात्मक सोचको विरोध गर्दै बुभा भन्छिन् :

> संसारको शासक पुरुष हो। उसको इच्छाको प्रभावशीलता उसको प्रभुत्वको प्रतीक हो। यौनक्षमतासम्पन्न पुरुषलाई मजबुत र शक्तिशाली आदि विशेषणहरूद्वारा अलङ्कृत गरिन्छ। यी गुणहरू उसको क्रियाशीलता र उत्कृष्टताको प्रतीक हुन् । स्त्री अन्या हो । व्यवहारिक सम्पर्कहरूको जगतमा नारीलाई कि त अधिक कामुक कि बिल्कुल ठन्डी/निष्क्रिय भन्ने गरिन्छ, अर्थात् उसलाई निष्क्रिय वस्तुका रूपमा नै हेरिन्छ। (बुभा, साल ?, पृ. १५७)

पितृसत्ताले निर्माण गरेको अवधारणाले पुरुषलाई संसारकै शासक घोषणा गरेको बुभाको मत छ। यस्तै पितृसत्तात्मक समाजमा यौनक्षमता सम्पन्न पुरुष मजबुत र शक्तिशाली मानिने र यी गुणहरू उसको क्रियाशीलता तथा उत्कृष्टताको प्रतीक हुने उनको आरोप छ । तर नारीलाई अन्याका रूपमा व्यवहार गर्ने मात्र हैन व्यवहारिक सम्पर्कको जगतमा कामुक, ठन्डी तथा निस्क्रिय वस्तुका रूपमा हेरिने प्रवृत्तिको समेत उनले विरोध गरेकी छन् । यसरी पितृसत्ताले निर्माण गरेको पुरुषप्रभुत्व र शक्तिका विपरीत नारीको निष्क्रियता र कामुकताको आरोप अन्याका रूपमा नारीलाई हेरिने परिपाटीको सूचक साबित हुन्छ ।

पितृसत्ता हरेक क्षेत्रमा पुरुषको श्रेष्ठताको वकालत गर्ने सामाजिक व्यवस्था हो । यसले पुरुषसत्ताको गरिमा र सर्वोपरिताको पक्षमा ध्यान दिन्छ । यस सम्बन्धमा बुभा भन्छिन् :

> वास्तवमा पुरुष यो संसारको सत्य हो, सर्वोच्च सत्ता हो । ऊ चमत्कारपूर्ण हो, स्वामी हो, दृष्टि हो, सिकारी हो, आनन्द हो, कर्मठता हो, मोक्ष हो र उसमा सृष्टिको सर्वोपरिता मूर्त भएको छ। पुरुष नै यस दुनियाँको प्रत्येक प्रश्नको उत्तर हो । (बुभा, साल ?, पृ. २६८)

बुभाको यस कथनमा पितृसत्ताले पुरुषलाई संसारकै सत्य र सर्वोच्च सत्ताका रूपमा हेर्ने गरेको दृष्टिकोण राखेकी छन् । यस्तै पुरुषलाई चमत्कारपूर्ण, स्वामी, दृष्टि, सिकारी, आनन्द, कर्मठ, तथा मोक्ष जस्ता विशेषणका आभूषण पहिऱ्याउने पितृसत्ताले संसारका हरेक प्रश्नको उत्तरका रूपमा समेत पुरुषलाई लिने गरेको आरोप बुभाको छ। यसरी पितृसत्ताले पुरुषकै सत्ता र सामर्थ्यको गुणगान गाउने मात्र नभएर संसारकै सर्वज्ञका रूपमा लिने गरेको सम्बन्धमा अस्तित्ववादी नारीवादको असन्तुष्टि देखिन्छ।

पितृसत्तात्मक समाजव्यवस्थाले नारी र पुरुषमा विभेद गर्ने मात्र होइन नारीलाई समानअवसर र भूमिकामा उभिन नदिने परिपाटीप्रति नारीवादको ध्यानाकर्षण भएको छ। बुभाले पुरुषले उसकी संगिनी पनि उसको बराबर होस् भन्ने कहिल्यै नचाहेको बताएकी छन् (बुभा, साल ?, पृ. ३८३) । समाजका मूल्यमान्यता, धर्म, न्याय बनाउने बेलामा नारीबाट पुरुषले राय नलिई आफ्नो हितका लागि मनोमानी ढङ्गले निर्माण गरेको हुनाले पितृसत्तात्मक व्यवस्थामा नारीमाथि विभेद र दमन हुनु स्वभाविक भएको बुभाको ठहर छ । यसले नारी र पुरुषबिच विभेदकारी नीति तथा कानुनी व्यवस्था निर्माण गरेर पितृसत्ताले नारीमाथि गरेको दमनात्मक व्यवहारप्रतिको विद्रोहात्मक चेतलाई प्रस्ट पारेको छ ।

यसरी पितृसत्ताले निर्माण गरेको मूल्यमान्यताले मानवीय मूल्यमा समेत उचनीचको अवस्था सिर्जना गरेको छ । नारी र पुरुषबीच मै निर्माण गरिएको फरक पहिचानले पुरुषलाई सापेक्षित रूपमा उच्च स्थानमा राखेको छ भने नारीलाई निम्नकोटिमा राखेको देखिन्छ । यस किसिमका मानकहरू पुरुषका हितलाई मध्यनजर गरेर बनाइएका छन् । पितृसत्ताले पुरुषलाई शासकका रूपमा अर्थात् शक्तिशाली भूमिकामा उभ्याएको छ । नारीलाई मानव भएर

पनि निरीह प्राणीका रूपमा तथा शासितका स्थानमा राखेको छ। पितृसत्ताले महिला र पुरुषको पहिचानका विशेष मानकहरू निर्धारण गरेको छ। पितृसत्तात्मक व्यवस्था हाबी भएको नेपाली समाजमा पनि नारीका लागि बनेका मानकहरू पुरुषका सापेक्षमा कमजोर छन् भने व्यवहारमा समेत त्यसको प्रत्यक्ष प्रभाव परिरहेको छ। समाजको ऐनाका रूपमा हेरिने साहित्यिक कृतिमा समेत कुनै न कुनै रूपमा पितृसत्तात्मक व्यवस्थाले निर्माण गरेको विभेद, दमन र शोषणका विरुद्धमा जागृत नारीचेतनालाई प्रस्तुत गरिने भएकाले त्यस किसिमका कृतिमा प्रस्तुत नारीचेतनाको निरुपणका लागि बुझाका पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनासम्बन्धी अवधारणाका सापेक्षमा यसप्रकारको विश्लेषणढाँचा निर्माण गर्न सकिन्छ :

- नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी नारीचेतना
- लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना
- धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना
- विवाह, प्रजनन तथा सम्बन्धविच्छेदसम्बन्धी विभेदपूर्ण व्यवस्थाप्रतिको प्रतिरोधी नारीचेतना
- शिक्षा, रोजगार, आर्थिक अधिकारसम्बन्धी विभेदपूर्ण नीतिप्रतिको प्रतिरोधी नारीचेतना

प्रसाईका उपन्यासमा पितृसत्ताले निर्माण गरेका यी विविध विभेदप्रतिको प्रतिरोधी चेतनालाई केकसरी प्रस्तुत गरिएको छ भन्ने तथ्यको निरूपण यिनै बुँदालाई उपशीर्षकीकरण गरी यसप्रकार गरिएको छ :

**प्रसाईका उपन्यासमा पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी नारीचेतनाको अध्ययन**

नारीवादले पितृसत्तात्मक शासन व्यवस्थाका कारण नारीमाथि हुने गरेका विभेद र शोषणको विरोध गर्दछ। पुरुषलाई केन्द्रमा राख्ने पितृसत्तानिर्मित शासनव्यवस्था तथा नीतिनियमहरू पुरुषकै हितमा केन्द्रित हुने अस्तित्ववादी नारीवादी बुझाको आरोप छ। विशेष गरी आफू अनुकूल र आफूलाई उच्च दर्जाको मानवका रूपमा स्थापित गर्न पुरुषहरूले निर्माण गरेको कानुनी व्यवस्था तथा शासनको तौरतरिकाले महिलामाथि हुने अन्यायलाई आँखा चिम्लेको उनको धारणा छ। पितृसत्ताले लिङ्गका आधारमा निर्धारण गरेको उचनीचको अवधारणाले महिलाको अधिकार, कार्यक्षेत्र, सहभागिता, प्रवृत्ति, संस्कृति आदि क्षेत्रमा प्रभाव पारेको छ। तसर्थ यी विविध क्षेत्रमा नारीमाथि हुने विभेद र त्यसप्रति जागृत प्रतिरोधी चेतनालाई प्रसाईका उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने तथ्यको विश्लेषण यसप्रकार गर्न सकिन्छ :

**नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी नारीचेतना**

इन्दिरा प्रसाईका उपन्यासमा पितृसत्ताले नारीपहिचान नै सङ्कटमा पारेको सन्दर्भको विरोध र त्यसप्रति सचेत पात्रको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ। उनको विश्वामित्र उपन्यासमा पितृसत्तात्मक समाजमा नारीमाथि गरिने विभेद र शोषणले नारीपहिचानमाथि पर्न गएको असर तथा प्रभावको विरोध गरिएको छ। पितृसत्ताकै प्रभावस्वरूप बहुविवाह गरी रमाइरहने पुरुषका सापेक्षमा नारीको विचलित अवस्था र प्रेमप्रतिको उदासीनतालाई यस उपन्यासकी मेनकाले व्यक्त गरेकी छ। मेनकाले आफू कान्छी श्रीमती भएको जान्दाजान्दै पनि पहिलेकी स्वास्नीसँग अलग्गिएर नयाँ घरबार जमाउन खोज्ने पुरुषसँग स्वाभाविक र प्रेमपूर्ण जीवन बिताउने अपेक्षा राखेकी छ। तर विश्वामित्रले सो भावलाई गहन रूपमा नलिई सुमित्रातिर नै फर्किएको मानसिक रापबाट जलेकी मेनका मानसिक रूपमा विचलित बनेर दुर्घटनाको सिकार बनेकी छ। "अचानक एक दिन एउटा खबर फैलियो, मेनकाले आत्मदाह गरी" (पृ. ४) भन्ने समाख्याताको कथनले नारीहरू पितृसत्ताबाट कतिसम्म उत्पीडित हुन्छन् र त्यसले नारीको अस्तित्व तथा पहिचानलाई नै कसरी नामेट पार्न खोजिरहेको छ भन्ने तथ्यलाई प्रस्ट पार्छ। नारीले सहनसकुञ्जेल सहेको तर दमन र मानसिक उत्पीडनको उग्रतामा ज्यानै

त्यागेको यो घटनाले बहुविवाहको असरले नारीको पहिचान मात्र नभएर जीवन नै सङ्कटमा परेको तथ्यलाई द्योतन गरेको छ।

प्रसाईको *रनमाया* उपन्यासमा पितृसत्तात्मक समाजमा नारीलाई हेय दृष्टिले हेर्ने, लैङ्गिक विभेद गर्ने, घरको चौघेरामा सीमित पार्ने जस्ता प्रवृत्तिले नारीको पहिचानमाथि प्रभाव पारेको तथ्यलाई प्रस्तुत गरिएको छ। नारीपहिचानको रक्षाका लागि सचेत र क्रियाशील पुरुष पात्रको समत उपस्थिति यसमा पाइन्छ। नारीलाई पुरुषसमान सम्मान, माया तथा भूमिका दिने पुरुषका रूपमा रनमायाका बाबुलाई देख्न सकिन्छ। “रनमायाकी आमा भन्छिन् : तिमेरका बाउले मलाई समेत कहिल्यै दुःख गर्न दिएनन्। भातभान्से पनि राखिदिने गरेको तिमीहरूलाई थाहै छ” (पृ. २३)। यस कथनले तत्कालीन पितृसत्तात्मक व्यवस्थाको चरम दमन रहेको समयमा समेत रनमायाको बाबुले रनमायाकी आमालाई गर्ने गरेको प्रेम, सहयोग र सम्मानलाई प्रस्ट पारेको छ। पितृसत्ताकै प्रभावका कारण नारीमाथि दमन गर्ने परिपाटी हरेक पुरुषमा नहुने तथ्यलाई यसले द्योतन गर्दछ। यो यस उपन्यासमा प्रस्तुत गरिएको नारीप्रतिको सकारात्मक व्यवहार र दृष्टिकोणको उदाहरण मात्र नभएर अस्तित्ववादी नारीवादले भनेझैँ नारीपहिचान र अस्तित्वको खोजीप्रतिको सङ्केत पनि हो।

प्रसाईको *शिखा* उपन्यासमा पितृसत्तात्मक संस्कारले निर्माण गरेको सोच तथा प्रचलनका कारण नारीहरूले भोग्नुपरेको दमन र नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा परिवारमा घरबाहिर गएर कमाउने जिम्मा पुरुषमा भएको र नारीले घरभित्रै खुम्चिएर पुरुषको कमाइमा रमाउनु परेको पितृसत्तात्मक प्रचलनलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> उनले मलाई दिएको मूल्य हो प्रत्येक महिना उनले कमाएको मोटो रकम मेरो हातमा हाल्दिनु, चाडपर्वमा लुगाफाटा किनिदिनु, सेफमा भएका गहना र रूपैयाँपैसाको पहरेदारी गराउनु। यस मूल्यलाई मैले आफ्नो अस्तित्वको पराजय ठानी लत्याउँदै आएकी छु। (पृ. १७)

समाख्याताको उपर्युक्त कथनमा श्रीमान्ले कमाएर ल्याएको सम्पत्तिले नारीमा सुख थपिनुभन्दा अस्तित्वको पराजयको महसुस गरेको नारीचेतनालाई प्रस्तुत गरिएको छ। यसले पुरुषले कमाएर नारीलाई पाल्ने पितृसत्तानिर्मित प्रचलनको विरोध गर्दै त्यसले नारीलाई पहरेदारका रूपमा मात्र नभएर अधीनस्थ बनाएको सन्दर्भको समेत विरोध गरेको छ। तसर्थ यसमा पुरुषमा निर्भर हुनुपर्दा नारीको पहिचान वा अस्तित्व नै सङ्कटमा परेको नारीपात्रको मानसिकताका माध्यमबाट नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने विभेद र नारीपहिचानको सङ्कटप्रतिको विद्रोहात्मक स्वर प्रस्तुत गरिएको छ। यस उपन्यासमा वैवाहिक जीवनबाट असन्तुष्ट भएर भर्नौं वा लोग्नेको परस्त्रीसँग लाग्ने प्रवृत्तिलाई सहन नसकेर भर्नौं नीलाले श्रीमान्सँग सम्बन्धविच्छेद गरी मनमिल्ने पुरुषसँग नाता जोडेकी छ। यस क्रममा उसले आभासलाई आफ्नो प्रेमीका रूपमा चयन गरेर ऊसँगै यौनचाहना पनि पुरा गरेकी छ। यसले नारीप्रति बनाइएको पितृसत्तात्मक सोचको विरोध गरी नारीस्वतन्त्रता तथा समानताको स्थितिलाई द्योतन गरेको छ।

पुरुषले नारीको मनोभावनाको विचार नगर्ने तर नारीबाट भने हरेक कुराको समर्थन र त्यागको अपेक्षा गर्ने पितृसत्तात्मक समाजमा नारीको बलिदानकै पनि कदर हुने गरेको देखिँदैन। विवाहपछि श्रीमान्का खुसीका लागि नारीले जस्तोसुकै त्याग र बलिदान गर्न पनि पछि नहट्ने सन्दर्भलाई समाख्याताको “एक त बिरालो, त्यसमा पनि यस्तो कलिलो छाउरो आफ्नै काखमा आफूले राख्नुपर्दा नीलालाई सिकसिको लागेजस्तो भएर जिरिङ्ग

पनि भएको थियो । "आभासको खुसीका लागि बोकिदिन्छु" । नीलाले मनमनमा यस्तै सोचेकी थिई" (पृ. ६८) भन्ने कथनमार्फत प्रस्तुत गरिएको छ। आफूलाई मननपर्ने भएर पनि आभासको खुसीका लागि नीलाले बिरालो बोकिदिएको सन्दर्भलाई यस कथनमा प्रस्तुत गरिएको छ। यतिमात्र होइन, नीलाको काखमा बिरालाले मलमुत्र त्याग गरिदिएपछिको नीलाको सिकसिको र आभाससँगको अपेक्षालाई यसरी प्रस्तुत गरिएको छ ः

> नीला, कठै तिमीलाई बिरालाको गुहुमुतमा लपेसिनुपर्दा कति सिकसिको लाग्या होला ? आभासले आफ्नो अँगालोमा उसलाई बाँधेर यसो भनिदिए हुन्थ्यो भन्ने अपेक्षामा नीला थिई। तर मोटर रोकिनेबित्तिकै पेरुङ्गोबाट बिरालो झिकेर सुमसुम्याइरहेको आभासले नीलातिर हेर्दा पनि हेरेन। (पृ. ७३)

नीलाले आफ्नो श्रीमानूका लागि सहेको सिकसिकोको कुनै मूल्य नभएको बोध यसमा गरेकी छ। यसमा नीलाले आभासले आफूलाई बिरालाका कारणले परेको असरका बारे सोधिदिए हुन्थ्यो, दयाभाव राखिदिए हुन्थ्यो वा सहानुभूति जनाइदिए हुन्थ्यो भन्ने अपेक्षा पूरा नभएको बरु उल्टै आफूलाई बेवास्ता गरेर बिरालोलाई नै सुमसुम्याइरहको र फर्केर एकनजर पनि नहेरेको सन्दर्भमार्फत पुरुषको नारीप्रति भन्दा मानवेतर प्राणीप्रतिको ध्यान र प्रेम बढी भएको तथ्यलाई प्रस्ट पारिएको छ। यसले पुरुषका लागि नारीको मूल्य बिरालाको जति पनि नहुने तर पुरुषको खुसीका लागि नारीले जस्तोसुकै त्याग गर्न पछि नपर्ने सन्दर्भलाई द्योतन गरेको छ। यस उपन्यासमा समाख्याताले भनेको "नीलालाई लाग्यो, आभासलाई ऊ हुनुको र नुहुनुको खास अर्थ रहेनछ" (पृ. ९५) कथनले पुरुषका अगिल्तिर नारीको कुनै अस्तित्व नरहेको तथ्यलाई प्रस्ट पारेको छ। यसले पितृसत्तात्मक समाजमा पुरुषका लागि नारीको कुनै मूल्य नहुने अनुभूति हरेक नारीले गर्ने गरेको सन्दर्भलाई मात्र द्योतन गरेको छैन कि पितृसत्ताले नारीको पहिचान तथा मूल्य नै सङ्कटमा पार्दा पनि नारीहरू उनैका खुसीका लागि बारम्बार आनो अस्तित्वलाई बली चढाउन बाध्य नरहेको सन्दर्भलाई समेत प्रस्तुत गरेको छ। तसर्थ यसमा नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी चेतना मुखरित भएको छ।

यसरी प्रसाईका उपन्यासमा पितृसत्ताले नारीपहिचानमाथि नै धावा बोलेको सन्दर्भको विरोध गरिएको छ। उनका उपन्यासमा नारीलाई वैवाहिक सम्बन्धमा होस् वा पुरुषको आधिपत्य स्थापनाका लागि अनेक बहानामा परनिर्भर पारिने कुरामा नै किन नहोस्, नारीपहिचानमाथि नै सङ्कट उत्पन्न गराइदिने पितृसत्तात्मक प्रवृत्तिप्रतिको वितृष्णालाई प्रस्तुत गरिएको छ। नारीहरू पुरुषसरह अस्तित्वयुक्त छन्, उनको छुट्टै पहिचान छ र लैङ्गिक आधारमा पृथक् हुँदैमा नारीलाई अमानवीय व्यवहार गर्न पाईंदैन भन्ने चेत प्रसाईका उपन्यासमा विभिन्न नारी तथा पुरुष पात्रमार्फत प्रस्तुत गरिएको छ। तसर्थ उनका उपन्यासमा नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी चेतनाका माध्यमबाट पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ।

**लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना**

इन्दिरा प्रसाईका उपन्यासमा पुरुषका तुलनामा नारी दमनमा पर्नुका पछिल्तिर लिङ्गगत पृथक्ता नै मुख्य समस्या बनेको तथ्यलाई प्रस्तुत गरी त्यसको विरोध गरिएको छ। सृष्टिका लागि अनिवार्य रहेका नारी र पुरुषबिच लिङ्गव्यवस्थाकै आधारमा विभेद गरिने पद्धति निकै आपत्तिजनक भएको सन्दर्भलाई उनका उपन्यासले समेटेका छन्।

प्रसाईको *विश्वामित्र* उपन्यासमा पति र पत्नीधर्मका सम्बन्धमा पनि विभेदकारी अवधारणा बनेको र यसमा मुख्य भूमिका पितृसत्तात्मक दृष्टिकोणको नै रहेको तथ्यलाई प्रस्तुत गरिएको छ। पतिलाई पूर्ण रूपमा आफ्नो तुल्याउन नसक्दाको पीडा जति मेनकामा छ त्यति श्रीमती फेरेर मनको कुण्ठा मेटाउनुमा आनन्दको अनुभूति

विश्वामित्रमा छ। तसर्थ प्रेममा भावनात्मक रूपमा एकोहोरिएका वा बाँधिएका नारीमाथि केवल वासनाको पूर्तिका लागि मात्र सम्बन्ध जोडेजस्तो देखिने पुरुषको चरित्र पितृसत्ताकै उपज हो। मेनकाको सुन्दर देहलाई आगोले खाइसक्नु र अचेतावस्थामा पुग्नुको प्रमुख कारण नै पितृसत्तात्मक समाजमा पुरुषको हालीमुहाली तथा लापरबाहीपूर्ण सम्बन्ध नै हो। "उसले आत्महत्या गर्नुको पछाडि पनि कोही दोषी छ, जसले उसलाई आत्महत्याका लागि विवश तुल्यायो। त्यहाँ कुनै ठूलो कारण हुनुपर्छ" (पृ. ५) भन्ने समाख्याताको कथनले सोही कुरालाई सङ्केत गरेको अनुमान गर्न सकिन्छ। मेनका आत्महत्याको स्थितिमा पुग्नुका पछाडि अन्य कारणभन्दा पनि पितृसत्तात्मक समाजमा पुरुषले स्वच्छ प्रेमसम्बन्ध र विश्वासमाथि नै धोका दिन पाएको छुट र त्यसको नारीमाथिको नकारात्मक प्रभाव हो। यसरी पितृसत्ताले लिङ्गसंरचनाका आधारमा स्थापना गरेको विभेदकारी धारणा तथा व्यवहारको प्रभावस्वरूप नारीको जीवन नै धरापमा परेको स्थितिप्रतिको सचेतनालाई यस उपन्यासले उजागर गरेको छ।

प्रसाईको *रनमाया* उपन्यासमा लैङ्गिक समताका पक्षमा पुरुषकै उपस्थिति पाइन्छ। यसमा रनमायाका पति गोपालसिंह आफ्नी श्रीमतीलाई साँच्चै प्रेम गर्छन्। उनी नभएको क्षण रनमाया कल्पना पनि गर्न सक्दिनन्। उनका पति पनि रनमायाविनाको जीवन अर्थहीन मान्दछन्। यस उपन्यासमा समाख्याताको "गोपालसिंह हत्तपत्त कसैको चित्त दुखाउँदैनथे, त्यसमा पनि आफ्नी प्राणप्रिया पत्नी रनमायाले अलिकति अँध्यारो मुख मात्रै पारिन् भने पनि बूढालाई संसारै अँध्यारो लाग्थ्यो" (पृ. ३२) भन्ने कथनले सोही भावलाई स्पष्ट पारेको छ। यसर्थ यस उपन्यासमा नारीलाई दमनात्मक व्यवहार गर्ने तत्कालीन पितृसत्तात्मक व्यवस्थाका विपरीत सम्मान तथा प्रेम गर्ने पुरुषको उपस्थितिले लैङ्गिक समानता तथा सद्भावको दिशातर्फ समाजलाई मार्गनिर्देश गरेको छ।

प्रसाईको *शिखा* उपन्यासमा लिङ्गगत विभेदकै आधारमा निर्माण गरिएका पितृसत्तात्मक व्यवस्थाले नारीलाई नियन्त्रणमा राख्ने गरेको तथ्यको विरोध गरिएको छ। विवाहपछि सिन्दूर र पोतेको सांस्कृतिक बन्धनमा बाँधिएर लोग्नेकै दासी बन्ने प्रचलनको विरोध गर्ने नारीपात्रको उपस्थितिले यस उपन्यासलाई नारीचेतनामूलक बनाएको छ। वैवाहिक सम्बन्धपछि पनि पुरुषहरू अन्य सम्बन्ध गाँस्न स्वतन्त्र रहेको तर नारीले पतिव्रताका रूपमा सदैव लोग्नेलाई नै स्मरण गरेर पुज्नुपर्ने परम्परा पितृसत्ताकै देन हो। तसर्थ यसप्रतिको विद्रोही भावलाई यस उपन्यासमा प्रस्तुत गरी नारीस्वतन्त्रता तथा समानताको वकालत गरिएको छ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदपूर्ण सोचका कारण नारीहरू यौनका विषयमा पुरुषसरह स्वतन्त्र नभएको तथ्यलाई प्रस्तुत गरिएको छ। यौनचाहनाका विषयमा खुलेर कुरा गर्नु नारीको छाडापन र वेश्यावृत्तिको उपमा गुथाउने पितृसत्तात्मक समाजमा नारीहरू यस विषयमा मौन रहने परिपाटीको विकास भएको छ। यस उपन्यासमा यसैको दृष्टान्तका रूपमा नीलाको अवस्थालाई समाख्यातामार्फत "अप्राप्तिजन्य पीडाको मर्मले छटपटिएकी नीलाले आभासलाई नजाऊ भनेर रोक्न पनि सकिन र ऊ गएको सत्यलाई हार्दिकतापूर्वक स्वीकार गर्न पनि सकिन। आफ्नै शरीरको जलन र मनको आगाको रापमा नीला छटपटिइरही मात्रै" (पृ. ९६) भन्ने कथनमार्फत देखाइएको छ। नीलाको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको समाख्याताको यस कथनमा नारीको यौनप्यासलाई ध्यान नदिने पुरुषका कारण नारीले भोग्नुपरेको बेचैनी र जलनलाई प्रस्ट पारिएको छ। यसमा नीलाको शारीरिक आवश्यकतालाई पूरा नगरी बिरालाको सेवासुश्रुषामा जुट्ने आभाससँग उसले कुनै गुनासो गर्न नसक्नु र पुनः सम्बन्धका लागि आग्रह गर्न नसक्नु पितृसत्तात्मक समाजकै प्रभाव हो। उसले मनभरि रहरहरू सँगालेर पनि निर्धक्कसँग पुरुषले झैँ यौनसम्बन्धका लागि प्रस्ताव राख्नु परैको कुरा, अपुरा इच्छाका बारेमा असन्तुष्टि व्यक्त गर्न पनि नसक्नु पितृसत्तात्मक समाजमा यौनका बारेमा कुरा गर्न नारीमाथि गरिएको बन्देजको उपमा हो। तर यस उपन्यासमा

चाहे पहिलो श्रीमान्सँगको होस् चाहे दोस्रोसँग नै किन नहोस्, पुरुषसँगको गुनासाले धैर्यको बाँध भत्काएपछि नीलाजस्ता सहनशील नारी पनि पितृसत्तात्मक दमनका विरुद्धमा कसरी विद्रोहात्मक रूपमा उपस्थित हुन्छन् भन्ने सन्दर्भलाई पनि देखाइएको छ। यसर्थ यस उपन्यासमा पितृसत्ताले निर्माण गरेको विभेदकारी सोचका विरुद्धमा सचेत नारीको उपस्थितिले लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई मुखरित गरेको छ।

यसरी नारीलाई फरक दर्जाको नागरिक ठान्ने र पुरुषका तुलनामा हेय दृष्टिले हेर्ने पितृसत्तात्मक पद्धतिको विरोधमा दत्तचित्त नारीपात्रको उपस्थितिमार्फत प्रसाईका उपन्यासले समतामूलक समाजको माग गरेका छन्। उनका उपन्यासमा नारीलाई प्रेम गर्ने, विवाह बन्धनमा बाँध्ने र आनो काबुबाहिर जान नदिने पितृसत्तात्मक सोच बोकेका विवाहित पुरुषहरू परस्त्रीगमन गर्न र हरेक किसिमको निर्णयमा स्वतन्त्र रहेको तथ्यको विरोध गरिएको छ। यसले नारीहरू लिङ्गका आधारमा पृथक् हुँदैमा पुरुषभन्दा कुनै कुरामा निरीह नभएको र उनको पहिचान र अधिकारमाथि लिङ्गगत विभेदकै कारणले नियन्त्रण गर्न नहुने तथ्यलाई प्रस्तुत गरेको छ। प्रसाईका उपन्यासले पितृसत्ताले नारी भएकै कारणले निर्माण गरेको व्यवस्था तथा प्रचलन विभेदपूर्ण भएको भन्दै त्यस किसिमका विभेदप्रतिको प्रतिरोधी चेतना प्रस्तुत गरेको छ।

**धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना**

इन्दिरा प्रसाईका उपन्यासमा धर्म र संस्कृतिको निर्माणमा पितृसत्ताले खेलेको भूमिका र त्यसले नारीमाथि पारेको नकारात्मक प्रभावविरुद्धका सचेतनालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा पितृसत्ताले निर्माण गरेको धर्म र संस्कृतिसम्बन्धी धारणा पुरुषकै हितमा बढी केन्द्रित भएको र त्यसले नारीलाई नियन्त्रणमा लिने गरेको तथ्यलाई समेत उजागर गरेको छ। प्रसाईको *विश्वामित्र* उपन्यासमा सुमित्रा र विश्वामित्रको सम्बन्धमाथि दरार आउनुमा नारीमाथि थोपरिएको कामको परिभाषा, संस्कारी बुहारी वा पत्नी बन्नका लागि समाजको मार्गदर्शन तथा रीतिरिवाजलाई पछ्याएकी सुमित्राप्रतिको विश्वामित्रको फरक अपेक्षाकै मूल भूमिका देखिन्छ। विश्वामित्रका चाह र सुमित्राका व्यवहारलाई समाख्याताका कथनमार्फत उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> उसका हातहरू लोग्ने र छोराछोरीका लागि स्वेटर बुनिरहेका हुन्थे, अन्यथा कुनै कुरुस काँटाले लेश, झल्लरी बुन्दै गरेका हुन्थे अथवा कुनै मेजपोश, तन्ना, टिभी कभरको कढाइ वा पेन्टिङको काम गरिरहेका हुन्थे। विश्वामित्रलाई सुमित्राले गरेका यी कुनै काम मन पर्दैनथे। विश्वामित्र घरमा भएका बेला शयन कक्षमा सुमित्राको प्रेमपूर्ण उपस्थितिको मात्र आवश्यकता महसुस गर्दथ्यो। (पृ. ५४)

यस कथनमा लोग्ने र छोराछोरीकै खुसीका लागि सदैव व्यस्त रहने सुमित्राको बानी उसकै लोग्नेलाई मन नपर्ने र विश्वामित्रले उसलाई शयन कक्षमा प्रेमपूर्ण उपस्थितिको अपेक्षाका नजरले मात्र हेर्ने तथ्यलाई प्रस्तुत गरिएको छ। ऊ भन्छ : "... मसँग बिताउने समय नै थिएन ऊसँग त्यस बेला। उसका हजारौँ व्यस्तताहरूबीच मेरो चाहनाको कुनै अर्थ राख्दिनथी ऊ" (पृ. ४९)। उसको यस कथनले नारीले पुरुषको चाहअनुरूप सधैँ सिङ्गारिएर बस्नुपर्ने र यौनेच्छापूर्तिका लागि सदा तत्पर रहनुपर्ने कुरालाई सङ्केत गरेको छ। आफ्नो सीपको सदुपयोग गरी व्यस्त रहेकी र आत्मनिर्भर बन्ने कोसिस गरेकी सुमित्राले उसको चाहलाई बुझ्न नसकेको आरोप विश्वामित्र लगाएको छ। यस किसिमको आरोप र नारीलाई मुठीमा लिई सौन्दर्यपान गर्न खोज्ने प्रवृत्ति पितृसत्तात्मक व्यवस्थाकै द्योतक हो।

यसरी आफ्नो सेवामा सदैव तत्पर रहोस् भन्ने लोग्नेको पत्नीप्रतिको आग्रह र अपेक्षा पनि पितृसत्ताले निर्माण गरेको संस्कारकै प्रतिफल हो। विश्वामित्रले आफू घर फर्कँदा श्रीमती सधैँ आनै सेवामा हाजिर होस् र सिँगारिएर बसोस् भन्ने कामना गर्नु र त्यो नपाउनु नै उनीहरूको सम्बन्धमाथि दरार आउनुको प्रमुख कारण हो।

यसर्थ नारीहरूलाई उपभोग्य वस्तुका रूपमा हेरिने पितृसत्तात्मक दृष्टिकोणको सिकार बनेकी सुमित्रको विद्रोह नै यस उपन्यासको पितृसत्ताले निर्माण गरेका धर्म र संस्कृतिप्रतिको विद्रोही नारीचेतना हो ।

प्रसाईको *रनमाया* उपन्यासमा पितृसत्ताले निर्माण गरेको धार्मिक एवम् सांस्कृतिक प्रचलन पुरुषहिताय नै रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । यस उपन्यासका पुरुष पात्र शिवबहादुर खड्का अर्थात् रनमायाका ससुरा पितृसत्ताले निर्माण गरेको सांस्कृतिक मान्यताका पक्षधर हुन् । उनले रनमायाका बुबाले झैँ श्रीमतीलाई जतिसुकै प्रेम गरेको भए पनि श्रीमतीको महिनावारी सुकेपछि अर्की बिहे गरेर छोरा पाउने मनसाय पूरा गरेका छन् । यस उपन्यासमा समाख्याताले भनेको यस कथनले सो कुरालाई प्रस्ट पारेको छ :

> बिहानीपख बूढीले उठेर साबिक झैँ बूढाका खुट्टा ढोगिदिई । त्यसैबेला बुढाले बुढीलाई च्याप्प समातेर छातीमा टाँसे । हेर बुढी । जङ्गेले मेरो चित्त दुखायो, म अर्को पनि एक भाइ छोरो जन्माएर छोड्छु । जेठोको पत्तो छैन... तेरो महिनावारी सुकिसक्यो, तँबाट सन्तान हुँदैनन् पनि, म बिहे गर्छु । (पृ. २६)

सन्तानका सानातिना कुराले चित्त दुखेकै भरमा महिनावारी सुकिसकेकी श्रीमतीबाट सन्तानको रहर गर्ने र पूरा नहुने बोध भएपछि बहुविवाहको निर्णय लिने स्वतन्त्र अधिकार पुरुषलाई मात्र भएको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । यस निर्णयपश्चात् साठी वर्षका शिवबहादुरले सोह्र वर्षकी फूलमायालाई बिहे गरे (पृ. २६) भन्ने उपन्यासको सन्दर्भले बहुविवाह मात्र नभएर अनमेल विवाहको पितृसत्तात्मक प्रचलनलाई द्योतन गरेको छ । यसले पुरुषले चाहेको खण्डमा बहुविवाह तथा अनमेल विवाह गर्न मिल्ने सामाजिक प्रचलन तथा त्यसले पुरुषकै पुरुषत्वलाई बढावा दिने धार्मिक-सांस्कृतिक सोचलाई प्रस्ट पारेको छ । यसर्थ पितृसत्ताले निर्माण गरेको धार्मिक एवम् सांस्कृतिक दृष्टिकोण विभेदकारी मात्र नभएर नारीलाई धम्काउने, दबाउने तथा नियन्त्रणमा लिने अस्त्र समेत बनेको तथ्यप्रतिको असन्तुष्टिभावका माध्यमबाट यसप्रतिको प्रतिरोधी चेतनालाई यसमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको *शिखा* उपन्यासमा विवाहपछि नारीका पहिरन र शृङ्गारका सम्बन्धमा पितृसत्ताले बनाएको नियमले नारीमाथि पुऱ्याएको असर र ती नियमले सिर्जना गरेको बाध्यकारी अवस्थाको विरोध गरिएको छ । "...मलाई रातो लुगा र गहनाको गन्धले समेत बान्ता हुन खोज्छ । सुरुसुरुमा उनी निकै जोरजबर्जस्ती गर्न खोज्थे तर मैले नकारेरै जितेँ" (पृ. १७) भन्ने समाख्याताको कथनले विवाहबन्धनमा बाँधिएपछि नारीलाई रातो रङको पहिरन र शृङ्गारमा सजिनुपर्ने पितृसत्ताको नियमप्रतिको विद्रोहलाई प्रस्तुत गरेको छ । धर्म र संस्कृतिका नाममा विवाह भएको पहिचान खुलाउन पुरुषले भने पहिरनमा केही परिवर्तन गर्न नपर्ने तर नारीका लागि थोपरिएका बन्धनयुक्त प्रचलनले आजित बनेकी म पात्रको विद्रोही चेतनालाई यसले प्रस्ट पारेको छ ।

यस उपन्यासमा "सिउँदोमा सिन्दूर पोतेर र गलामा पोते झुन्ड्याइदिएर मेरो निजी अस्तित्वमाथि विजयको झन्डा गाडेर दङ्गदास परेको उसलाई तत्क्षण मेरो मनको देशबाट निकाला गर्न मलाई मन लाग्छ" (पृ. १७) भन्ने समाख्याताको कथनले धर्म र संस्कारका नाममा नारीमाथि बन्धन सिर्जना गर्ने परिपाटीको विरोध गरेको छ । यसमा सिउँदो, सिन्दूर र पोतेले नारीलाई अधीनस्थ बनाउने सांस्कृतिक प्रचलन तथा त्यसबाट पुरुषमा बढेको अहंकारप्रतिको विद्रोही भाव प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा धार्मिक तथा सांस्कृतिक विभेदप्रतिको चेतना पाइन्छ । यस्तै "उनले बनाएको समाज र नियमकानूनले मलाई मात्र दोषी देख्छ" (पृ. १८) भन्ने समाख्याताको कथनले नारीमाथि पितृसत्तात्मक समाजले बनाएको नियमले नारीलाई मात्र दोषी ठहऱ्याएको विचारलाई प्रस्ट पारेको छ ।

यसरी प्रसाईका उपन्यासमा पितृसत्ताले निर्माण गरेको धर्म र संस्कृति पुरुषकै हितमा भएको र त्यसले नारीहरूलाई दमनमा पारेको तथ्यको विरोध गरिएको छ। उनका उपन्यासमा पुरुषले चाहेको खण्डमा घरमा श्रीमती र छोराछोरी हुँदाहुँदै पनि परस्त्रीसँग सम्बन्ध गाँस्न र बहुविवाह गर्न छुट पाउने तर नारीले पतिव्रता बनेर जस्तोसुकै परिस्थितिमा पनि लोग्नेकै पूजा गरेर जीवन बिताउनुपर्ने सन्दर्भको विरोध गरिएको छ। नारीहरू पितृसत्तानिर्मित धर्म र संस्कारको हुबहु अनुशासनको घेराभित्र असह्य पीडा सहेर बाँच्नुभन्दा स्वतन्त्र रूपमा निर्णय गर्न र जीवन जिउन सक्छन् भन्ने तथ्यका माध्यमबाट प्रसाईका उपन्यासले नारीचेतनालाई प्रस्तुत गरेका छन्।

**विवाह, प्रजनन तथा सम्बन्धविच्छेदसम्बन्धी विभेदपूर्ण व्यवस्थाप्रतिको प्रतिरोधी नारीचेतना**

इन्दिरा प्रसाईका उपन्यासमा पितृसत्ताले निर्माण गरेको विवाह, प्रजनन तथा सम्बन्धविच्छेदसम्बन्धी विभेदपूर्ण व्यवस्थाप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा नारीमाथि पितृसत्ताले अनेक जालझेल र षड्यन्त्र रची पुरुषकै हालीमुहालीमा जोड दिएको तथ्यको विरोध गरिएको छ।

प्रसाईको *विश्वामित्र* उपन्यासमा सुमित्रासँग विवाह बन्धनमा बाँधिइसकेको पुरुषसँग मेनकाले प्रेमसम्बन्ध स्थापित गर्नु पनि विवाहप्रतिको नारीको स्वतन्त्र निर्णय नै हो। उसले विश्वामित्रलाई अगाध प्रेम गर्नु र आफ्नो मात्र बनाउने योजनामा सदा क्रियाशील रहनु नारीको मनोमानी मात्र नभएर एकलौटी अधिकारप्रतिको मोह हो। अन्जानमा जोडिएको सम्बन्धभन्दा पनि जानीबुझी गाँसिएको यी दुईको नाताले नारीको स्वतन्त्र निर्णय र समानताको स्थितिलाई समेत द्योतन गरेको देख्न सकिन्छ।

प्रसाईको *शिखा* उपन्यासमा प्रेम तथा विवाहमा नारीको स्वतन्त्र निर्णयप्रतिको अधिकारलाई प्रस्तुत गरिएको छ। धर्मको नाममा प्रेमको बलिदान दिनुपर्ने धार्मिक तथा सांस्कृतिक प्रचलनका विरुद्धमा नारीमा जागृत चेतनालाई प्रस्तुत उपन्यासमा उषोका कथनमार्फत यसप्रकार अभिव्यक्त गरिएको छ :

> शिखा ! जीवन मेरो हो। मलाई साउद मन पऱ्यो। ऊ एउटा पुरुष हो। जात धर्मसँग मलाई सरोकार छैन। उसलाई पनि जात धर्ममा कुनै सरोकार छैन। हामी दुवैको अमेरिकामा बस्ने विचार छ। साउद र मेरो प्रेमबीच हामी धर्मको पर्खाल उभ्याउन चाहन्नौं। (पृ. ९६)

मुस्लिम धर्म मान्ने पाकिस्तानी युवक साउदसँग प्रेमसम्बन्ध स्थापित गरेकी उषोले वैवाहिक सम्बन्धमा नारीमा भएको स्वतन्त्रतालाई धर्मले नछेक्ने विचार प्रस्तुत गरेकी छ। यस कथनमा केटा र केटीको मन मिलेपछि धार्मिक पर्खालले बाधा दिन नहुने विचारमार्फत वैवाहिक सम्बन्धप्रतिको नारीचेतनालाई प्रस्तुत गरिएको छ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा पहिलो श्रीमानूसँग सम्बन्धविच्छेद गरेर आभाससँग सम्बन्ध जोडेकी नीलाले ऊसँगको अनेक गुनासालाई सहने धैर्य टुटेपछि नै अर्को साहसिक कदम चालेकी हो। उसले नारीलाई आफ्नै हिसाबले बाँच्ने छुट भएको र हरेक उत्पीडनलाई सहेर श्रीमान्श्रीमती सँगै बाँच्नुपर्छ भन्ने नभएको तर्क यसरी प्रस्तुत गरेकी छ : "हामी दुवैको आआफ्नो जीवन आआफ्ना लागि उत्तिकै महत्त्वपूर्ण छ। तिमीसँग बिहे गर्नुको भूल सच्याएर अब म तिमीसँग छुट्टिएर बाँच्न चाहन्छु। आभास मलाई लाग्छ हामी दुवैको वैवाहिक जीवनबाट हामी दुवैले एकअर्कालाई मुक्त गर्नुमै हामी दुवैको कल्याण छ" (पृ.११०)। यस कथनमा नीलाले नारी र पुरुषको अस्तित्व समान रहेको र जीवनको महत्त्व पनि उत्तिकै रहेको सन्दर्भलाई प्रस्तुत गरेकी छ। यसमा आभाससँग बिहे गर्नु नै भूल भएको उसको धारणा छ। यस्तै जीवनका अनेक गुनासाहरूलाई सहेर आरोपप्रत्यारोपमा दुःखी जीवन बिताउनुभन्दा दुवै स्वतन्त्र भएर जिउनु उचित हुने उसको निर्णय छ। उसको यस निर्णयले विवाह तथा सम्बन्धविच्छेदप्रतिको नारीको स्वतन्त्र अधिकारको वकालत गरेको छ।

प्रसाईका उपन्यासमा विवाह, प्रजनन तथा सम्बन्धविच्छेदका सम्बन्धमा पितृसत्ताले निर्माण गरेको विभेदजन्य नीति तथा व्यवहारका विपरीत निर्णय गर्ने नारीपात्रको उपस्थिति पाइन्छ। यसले नारीहरू पितृसत्तात्मक दमनलाई सहेर बस्ने भन्दा पनि आनो जीवनको निर्णय आफैँ गर्नमा सक्षम र स्वतन्त्र रहेको तथ्यलाई प्रस्ट पारेको छ। यसरी पुरुषका हितलाई मात्रै केन्द्रमा राखेर निर्माण गरिएका पितृसत्तात्मक विवाहव्यवस्था तथा सम्बन्धविच्छेदका कानुनी दायरामाथि प्रश्न खडा गर्दै नारीकै स्वतन्त्र निर्णय र अधिकारप्रतिको यात्रामा सचेत पात्रको उपस्थितिमार्फत यसप्रतिको नारीचेतनालाई प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ।

**शिक्षा, रोजगार, आर्थिक अधिकारसम्बन्धी विभेदपूर्ण नीतिप्रतिको प्रतिरोधी नारीचेतना**

प्रसाईका उपन्यासमा पितृसत्ताले निर्माण गरेको विभेदकारी नीतिका कारण नारीहरू पुरुषसरह अवसर र अधिकारबाट वञ्चित हुनुपरेको तथ्यको विरोध गरिएको छ। उनका उपन्यासमा शिक्षा, रोजगार तथा आर्थिक अधिकारका क्षेत्रमा नारीमाथि गरिने विभेद र नियन्त्रणका विरुद्धमा जागृत नारीचेतनालाई प्रस्तुत गरिएको छ। प्रसाईको *विश्वामित्र* उपन्यासमा नारीको पढ्ने, लेख्ने र आत्मनिर्भर बन्ने अधिकारप्रति नारीलाई नै सजग गराउने पुरुषपात्रको उपस्थिति पाइन्छ। यस उपन्यासमा नारीको पढ्ने उमेर, शिक्षाको आवश्यकता र समयअनुरूपको प्राथमिकतालाई ध्यान दिने पुरुष पात्रका रूपमा सुरेन्द्रलाई लिन सकिन्छ। मेनकाको पत्रको जवाफ दिने क्रममा सुरेन्द्रले भनेको छ :

> राम्ररी पढ, यस्तो कर्ममा लाग्नु हुन्न, आफ्नो उद्देश्य बलियो हुनुपर्छ, मेरो लक्ष्य ठूलो छ, म विद्याआर्जन गरेर आफ्नो भविष्य बनाउन डटेको छ। तिमीजस्ती बुद्धिमती केटीबाट मैले यस्तो आशा गरेको थिइनँ। यो सङ्गतको फल हुनुपर्छ। सङ्गत राम्रो गर। म तिम्रो उज्ज्वल भविष्यको कामना गर्दछु। (पृ. ३०)

यसमा उसले मेनकाको प्रेमप्रस्तावलाई सिधै अस्वीकार गर्नुभन्दा पढाइप्रति अभिरुचि बढाउन र तल्लीन हुन आग्रह गरेको हुनाले नारीप्रति सकारात्मक सोच राख्ने र आत्मनिर्भरताको मार्गमा लम्किन सुझाव दिने पात्रका रूपमा उसलाई लिन सकिन्छ। उसले गलत साथीको सङ्गतले मेनकामा कुमार्गीतिर लाग्ने सोच पलाएको हुन सक्ने विचार राख्दै बुद्धिमती केटीका रूपमा उसको परिचय दिएको छ। यसर्थ मेनकाको अल्लारेपनलाई सम्झाउँदै सही मार्गनिर्देश गर्नमा सुरेन्द्रको भूमिका सकारात्मक मात्र होइन, पितृसत्ताले निर्माण गरेको शिक्षा, आत्मनिर्भरता र अधिकारप्रतिको फरक दृष्टिकोणभन्दा भिन्न नारीवादी दृष्टिकोणलाई समेत उसले द्योतन गरेको छ। तसर्थ यस उपन्यासमा नारीको अधिकार तथा आत्मनिर्भरताप्रतिको मार्गदर्शनलाई पुरुषपात्रकै कथनमार्फत प्रस्तुत गरिएको छ।

प्रसाईको *उसको लोग्ने र बिरालो* उपन्यासमा नीलाले छोरीलाई कुनै केटासँग प्रेम भएनभएको प्रश्न गर्दा स्मृतिले दिएको जवाफले नारीको शैक्षिक अवस्था र आर्थिक सक्षमतालाई प्रस्ट पारेको छ। ऊ भन्छे : “मम्मु, तिमी कस्तो चाइल्डिस कुरा गर्छ्यौ। प्रेमस्रेम वाहियात, म त्यस्तो गर्दिनँ के ! आफ्नो क्यारियर बनाउनुपर्छ क्यारियर। देन इफ आइ विल म्यारी...” (पृ. ३६)। उसको यस कथनले नारीहरू प्रेम, विवाहभन्दा पनि पढाइ र आत्मनिर्भरताप्रति बढी सजग रहेको तथ्यलाई प्रस्ट पारेको छ। यसले नारीहरू पितृसत्ताले निर्माण गरेको कठघराबाट माथि उठ्न थालिसकेका र आनो वैयक्तिक निर्णयप्रति आफैँ सजग रहेको सन्दर्भलाई समेत द्योतन गरेको छ।

यसरी प्रसाईका उपन्यासमा शिक्षा, रोजगार तथा आर्थिक अधिकारका क्षेत्रमा नारीहरूले स्वतन्त्र निर्णय लिन सक्ने सन्दर्भका माध्यमबाट यसप्रतिको पितृसत्तात्मक सोच नै परिवर्तन हुँदै गइरहेको अवस्थालाई देखाइएको छ। यसले वर्तमान समयका नारीहरू शिक्षित र आत्मनिर्भर बन्न सके मात्र भविष्य सुखद रहेको सन्दर्भप्रति समेत

लक्षित गरेको छ। यसले पितृसत्ताले निर्माण गरेका कथोकथित अवधारणालाई मान्ने भन्दा त्यसको विरोध गर्दै स्वतन्त्र अस्तित्व र अधिकारका खोजीतर्फको यात्रामा क्रियाशील नारीपात्रमार्फत प्रस्तुत पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी नारीचेतनालाई उजागर गरेको छ।

## निष्कर्ष

पितृसत्ताले पुरुषकै हितका निमित्त निर्माण गरेको शासनव्यवस्था, धार्मिक एवम् कानुनी मान्यता, सामाजिक प्रचलन, व्यवहार तथा पद्धतिका विरुद्धमा नारीमा जागृत प्रतिरोधी चेतनालाई प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ। उनका उपन्यासमा नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी नारीचेतना, लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, विवाह, प्रजनन तथा सम्बन्धविच्छेदसम्बन्धी विभेदपूर्ण व्यवस्थाप्रतिको प्रतिरोधी नारीचेतनाका साथै शिक्षा, रोजगार, आर्थिक अधिकारसम्बन्धी विभेदपूर्ण नीतिप्रतिको प्रतिरोधी नारीचेतनालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा पितृसत्ताका कारणले आत्महत्याको स्थितिमा पुगेका नारीदेखि पुरुषकै खुसीका लागि आफ्नो रहरलाई तिलाञ्जली दिएर हैरान भएका नारीको उपस्थितिमार्फत नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी नारीचेतनालाई प्रस्तुत गरिएको छ। नारीलाई खेलौनाका वस्तु ठान्ने र चौघेरामा रहेर सिङ्गारिँदै लोग्नेको वासनापूर्तिका लागि तयारी अवस्थामा रहनुपर्ने पितृसत्तात्मक सोचको विरोध गरिएका उनका उपन्यासमा आर्थिक हैसियत उच्च भएका कारणले पुरुषले नारीको शोषण गर्ने गरेको, नारीको मनोकाङ्क्षालाई सम्मान नगर्ने तथा बहुविवाहमा रमेर नारीका भावनामाथि खेल्ने छुट पाएका पितृसत्तात्मक स्वभावका पुरुषप्रति विद्रोही भाव प्रस्तुत गरिएको छ। उनका उपन्यासमा मानवेतर प्राणीलाई भन्दा पनि मूल्यहीन व्यवहार गर्ने पुरुषदेखि यौनवासनाको पूर्तिका लागि बहुविवाहमा लालयित हुने पुरुषकै जयजयकार गर्ने पितृसत्तात्मक संस्कृति तथा धार्मिक मूल्यको खुलेर विरोध गरिएको छ। यस्तै यौनसुखका लागि नारीलाई खेलौनाका रूपमा उपभोग गर्न खोज्ने पुरुषलाई त्यागेर स्वतन्त्र रूपले जीवन जिउन सक्ने, विवाह, प्रजनन तथा सम्बन्धविच्छेद जस्ता विषयमा स्वतन्त्र निर्णय लिन सक्ने नारीको केन्द्रीय भूमिकामार्फत यसप्रतिको नारीचेतनालाई उजागर गरिएको छ। उनका उपन्यासले सन्तानप्रतिको उत्तरदायित्वदेखि आनो जीवनको निर्णयमा पुरुषसरह सक्षम नारीपात्रको उपस्थितिले पितृसत्ताको द्विचरविरोधी दृष्टिकोण र नारीलाई निरीह ठानी कार्य तथा क्षेत्र निर्धारण गर्ने पितृसत्तात्मक परिपाटीको समेत उल्लङ्घन गरी लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरेको छ। शिक्षा, रोजगार तथा आर्थिक अधिकारका क्षेत्रमा नारीको स्वतन्त्र निर्णय तथा साहसिक कदमको मागलाई उनका उपन्यासको विषयवस्तु बनाइएको छ। फ्रान्सेली नारीवादी बुभाले भनेझैँ प्रसाईका उपन्यासले नारीलाई दोस्रो दर्जाका रूपमा हेर्ने र व्यवहार गर्ने परिपाटीको अन्त्यको माग गर्दै नारीको स्वतन्त्र अस्तित्वको वकालत गर्नुका साथै पितृसत्ताले निर्माण गरेको विभेदकारी संस्कृतिमाथि धावा बोलेको छ। यसर्थ वर्तमान समयमा नारीअधिकारका विषयमा चलेका अभियान र त्यससम्बन्धी सचेतना फैलाउने कार्यमा प्रसाईका उपन्यासले कलात्मक ढङ्गबाट उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ।

(यो लेख विश्वविद्यालय अनुदान आयोगबाट लघुअनुसन्धान विकास र नवप्रवर्द्धन अनुदान कार्यक्रम (२०७६/२०७७) अन्तर्गत इन्दिरा प्रसाईका उपन्यासमा नारीवादी चेतना शीर्षकको अनुसन्धानसँग सम्बद्ध रही सोही अनुसन्धानको मुख्य प्राप्तिको उपयोग गरी तयार गरिएको हो। उक्त अनुसन्धानकार्य गर्न अनुमति दिने विश्वविद्यालय अनुदान आयोगप्रति आभारी छु।)

## सन्दर्भसूची

### (क) देवनागरी लिपिका सन्दर्भसूची


अर्याल, अम्बिका (२०६९). नारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण. काठमाडौं : जीवन श्रेष्ठ ।

अर्याल, अम्बिका (२०७९). नारीवाद र नारीस्रष्टाका उपन्यास. काठमाडौं : पैरवी बुक हाउस प्रा.लि. ।

कोइराला, कुमारप्रसाद (२०६६). "समकालीन नेपाली उपन्यासका प्रमुख प्रवृत्तिहरू". समकालीन साहित्य. वर्ष १९-२०. अङ्क १. पूर्णाङ्क ५९. पृ. ९५-१०८ ।

गुरुङ, सुशान्त (२०६९). "उपन्यास विधाका सन्दर्भमा नेपाली नारीस्रष्टाहरूको उपस्थिति र योगदान". गरिमा. वर्ष ३०. अङ्क ७. पूर्णाङ्क ३५५. पृ. ३९४-४०० ।

ढकाल, रजनी (२०६९). "नेपाली नारी उपन्यासमा लैङ्गिकता". जुही. वर्ष ३२. अङ्क २. पूर्णाङ्क ७०. पृ. ४७-५९ ।

त्रिपाठी, सुधा. (२०६९). नारीवादी सौन्दर्य चिन्तन. काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

दास, प्रभाकरलाल (२०५७). लैङ्गिक अध्ययन. काठमाडौँ : रेखारानी प्रकाशन ।

दीक्षित, इन्दिरा (२०७६). "इन्दिरा प्रसाईको रनमाया". www.livemandu.com. हेरेको मिति साउन ३०, २०७९ ।

पाण्डे, ज्ञानू (२०६९). नेपाली उपन्यासमा लैङ्गिकता. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, वीणा (२०६७). विविध आयाममा नेपाली महिला. काठमाडौँ : पैरवी बुक हाउस ।

प्रसाई, इन्दिरा (२०५४). विश्वामित्र. काठमाडौं : पिलग्रिम्स बुक हाउस ।

प्रसाई, इन्दिरा (२०५८). रनमाया. काठमाडौं : नइ प्रकाशन ।

प्रसाई, इन्दिरा (२०५९). शिखा. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रसाई, इन्दिरा (२०६०). उसको लोग्ने र बिरालो. काठमाडौं : नइ प्रकाशन ।

बुभा, सिमोन द (साल ?). महिला. अनु. रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।

भद्रा, चन्द्रा (२०६७). लैङ्गिक अध्ययन. सम्पा. काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भासीन, कमला (सन् २०११). पितृसत्ता के हो ?. अनु. प्रेमबहादुर श्रेष्ठ. तेस्रो संस्करण. काठमाडौँ : स्त्रीशक्ति ।

लुइटेल, लीला (२०६८). नेपाली महिला उपन्यासकार. ललितपुर : साझा प्रकाशन ।

लुइटेल, लीला (२०६९). 'महिलालेखन र नारीवादी नेपाली उपन्यास'. मझेरी डट कम. www.majheri.com. हेरेको मिति साउन ३०, २०६९ ।

सुवेदी, राजेन्द्र (२०६८). नेपाली उपन्यास : परम्परा र प्रवृत्ति. दोस्रो संस्करण. ललितपुर : साझा प्रकाशन।


### (ख) रोमन लिपिका सन्दर्भसूची


Abrams M. H. & Geoffrey Galtharpham (2009). A Handbook of Lierary Term. New Delhi : Sengage learning India Pvt ltd.

Lerner, Gerda (1986). The Creation of Patriarchy. New York : Oxford University Press.

Walby, S (1990). Theorizing Patriarchy. Oxford, UK and Cambridge USA : Blackwell Publishers Ltd.